# दक्षिणकाली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं

बागमती प्रदेश, नेपाल

## दक्षिणकाली नगरपालिका क्षेत्राधिकार भित्र कवाडी कर संकलन गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०३/३०**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६१ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र नगरपालिकाले विभिन्न प्रकारका कवाडी करको दर निर्धारण गर्ने तथा संकलन गर्ने कानूनी व्यवस्था भए बमोजिम आ.व. २०८१/०८२ को लागि ठेक्का प्रक्रियाबाट विभिन्न प्रकारका यस नगरपालिकाबाट निकासी हुने कवाडी सामानहरुमा नगरपालिकाको "दक्षिणकाली नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७८" बमोजिम कर संकलनको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति/फर्म/कम्पनीहरुले १५(पन्ध्र) दिन भित्र रितपूर्वकको सिलबन्दी दरभाउपत्रमा भाग लिन यो सूचना प्रकाशित गरिएको छ। बिस्तृत सूचना यस कार्यालयको वेबसाईट www.dakshinkalimun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**तपशिल**

| क्र. सं. | ठेक्का नं. | ठेक्काको विवरण | आ.व. ०८१/८२ को लागि न्यूनतम अंक (मु.अ.कर वाहेक) रु. | सिलबन्दी दरभाउपत्र फारम दस्तुर रु. | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|
| १ | ०४/आन्तरिक आय/२०८०/०८१ | कवाडी कर | १०,००,०००/- (अक्षरुपी रु. दश लाख) | रु. १०००/- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत |

**दक्षिणकाली नगरपालिका**

## शर्तहरु

(१) सिलबन्दी दरभाउ पत्र खरिद गर्ने अन्तिम मिति:- २०८१/०४/१३ गते कार्यालय समय भित्र ।

(२) सिलबन्दी दरभाउ पत्र वुझाउने अन्तिम मिति र समय :- २०८१/०४/१४ गते अपरान्ह १२.०० वजे सम्म ।

(३) सिलबन्दी दरभाउ पत्र खोलिने मिति र समय:- २०८१/०४/१४ दिउँसो १.०० वजे ।

(४) खरिद, दर्ता र खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट सोहि समय भित्र खरिद, दर्ता र खोल्ने कार्य गरिनेछ । सिलबन्दी दरभाउ पत्र खरिद तथा पेश गर्न दरभाउ पत्रदाता व्यक्ति/फर्म/कम्पनीको प्रोपाइटर स्वयं उपस्थित हुनुपर्नेछ तर आफै उपस्थित हुन नसक्ने भएमा आधिकारीक दस्तखत र फर्मको छाप सहितको अख्तियारनामा दिई प्रतिनिधि खटाउन सकिनेछ । तर सिलबन्दी दरभाउ पत्र वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

(५) सिलबन्दी दरभाउ पत्र फारम साथ धरौटी वापत कवोल अंकको ५ प्रतिशतले हुँन आउने रकममा ५ प्रतिशत रकमको मू.अ.कर सहित थप गरि यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक, फर्पिङ शाखाको धरौटी खाता नं. १२००१००३०३००००००२ मा रकम जम्मा गरेको सक्कल भौचर वा सूचना जारी भएको मितिले कम्तिमा १२० दिन म्याद भएको नेपाल राष्ट्र वैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य वैंकको बोलपत्र जमानत पेश गर्नुपर्नेछ ।

(६) सिलबन्दी दरभाउ पत्रदाताले सिलबन्दी दरभाउ पत्र पेश गर्दा खामलाई सिलबन्दी गरी खामको बाहिर एकातर्फ सिलबन्दी दरभाउपत्र पेश गर्ने फर्मको नाम, ठेगाना, सम्पर्क नं. र अर्कोतर्फ कवाडी कर संकलन गर्ने सम्बन्धमा पेश गरेको सिलबन्दी दरभाउ पत्र , दक्षिणकाली नगरपालिका, फर्पिङ भनेर स्पष्टसंग लेख्नु पर्नेछ तथा सिलबन्दी दरभाउ पत्र साथ पेश भएका सम्पूर्ण कागजातहरु सिलबन्दी दरभाउ पत्रदाताद्वारा प्रमाणित हुनुपर्नेछ ।

(७) आफुले कबोल गरेको रकमको अंक र अक्षरमा फरक परेमा जुन अंक वा अक्षर बढी छ सोही रकमलाई मान्यता दिइनेछ ।

(८) सिलबन्दी दरभाउ पत्र खरिद गर्दा कुनै प्रकारको शर्त मान्य हुनेछैन । साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको सिलबन्दी दरभाउ पत्र फारामलाई मान्यता दिइनेछैन ।

(९) ठेक्का अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिले २०८२ आषाढ मसान्तसम्म रहनेछ ।

(१०) ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले ७(सात) दिन भित्र स्वीकृत कबोल अंकको २५% रकम नगदै (यस नगरपालिकाको संचित कोष खातामा जम्मा गर्ने) तथा बाँकी ७५% रकमको हकमा यस नगरपालिकाको पक्षमा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य वैंकको मिति २०८२।०५।३० सम्म अवधि रहेको कार्य सम्पादन जमानत

(Performance Bond) पेश गर्नुपर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम व्याज समेत असुल उपर गरिनेछ। यसरी असुल गर्दा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन,तर कबोल अंक र कबोल अंकको मू.अ.कर सहित एकमुष्ठ रकम सम्झौता अगाडी नै दाखिला गरेमा कार्य सम्पादन जमानत (Performance Bond) आवश्यक पर्ने छैन।

(११) ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु स्वीकृत सिलबन्दी दरभाउ पत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ ।

(१२) सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ पत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

(१३) ठेक्का कबोल गर्ने सिलबन्दी दरभाउ पत्र दाताले कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गरिने रसिदहरु आफ्नोतर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ वा विद्युतीय प्रणालीबाट कर संकलन गर्ने हो भने सोको जानकारी यस कार्यालयलाई दिनु पर्दछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाईएको पाईएमा नियमानुसार कारवाही गरिनेछ । आम्दानीको जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

(१४) म्याद नाघी वा रित नपुगी प्राप्त भएको सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन । कालो सूचीमा परेको व्यक्ति/फर्म/कम्पनीको सिलबन्दी दरभाउ पत्र स्वीकृत गरिने छैन ।

(१५) स्वीकृत सिलबन्दी दरभाउ पत्रदाताले बन्द, हड्ताल र समय अभाव र अन्य कारण देखाई छुट तथा मिनाहा दावी गरेमा कार्यालयले छुट दिने छैन ।

(१६) आ.व.०८१।८२ मा कवाडी सामानहरु संकलन तथा निकाशी गर्ने व्यवसायहरु संचालन भए वा नभएपनि ठेक्का कबोल अंकमा कुनै परिवर्तन हुनेछैन ।

(१७) प्रचलित कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले सम्झौता भंग गर्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

(१८) नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु सम्बन्धित सिलबन्दी दरभाउ पत्र दाताको कर्तव्य हुनेछ ।

(१९) कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ ।

(२०) यस सूचनामा भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृति पश्चात हुने सम्झौता बमोजिम हुनेछ ।

(२१) संलग्न गर्नुपर्ने कागजपत्रहरु व्यक्तिको हकमा नागरिता प्रमाण-पत्र र स्थायी लेखा नं.(PAN CARD)को प्रतिलिपि ,फर्म/संस्था/व्यवसाय/कम्पनीको हकमा फर्म/संस्था/व्यवसाय/कम्पनीको नविकरण खुल्ने दर्ता प्रमाण-पत्र,पान प्रमाण-पत्र, २०७९-०८० को करचुक्ता प्रमाण-पत्र प्रतिलिपि,कालो सूचीमा नपरेको स्व-घोषणा पत्र ।

(२२) आर्थिक ऐनमा तोकिएको दर भन्दा बढी रकम उठाउन पाइने छैन,यदि उठाइएको पाइएमा एक पक्षिय रुपमा सम्झौता भङ्ग गरिने छ । करका दरहरु यस नगरपालिकाबाट जारी हुने आर्थिक ऐन अनुसार हुनेछ ।

(२३) थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नं. ०१-४७१००२८ मा कार्यालय समय भित्र जानकारी लिन सकिनेछ ।

**- दक्षिणकाली नगरपालिका**

दक्षिणकाली नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल
२०७३

कवाडी करका दरहरु

| क्र.सं. | कवाडी मालसामानको नाम | इकाइ | प्रस्तावित दर (रु.) |
|---|---|---|---|
| १. | खाली सिसी (बियर) बोतल | प्रति गोटा | १ |
| २. | खाली सिसी (मदिरा र अन्य) ५०० एम.एल. भन्दा माथि | प्रति गोटा | ०।५० पैसा |
| | (मदिरा र अन्य) ५०० एम.एल.सम्म | प्रति गोटा | ०।२५ पैसा |
| ३. | प्लाष्ट्रिक (बोतल, भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालन र जर्किन आदि) | प्रति के.जी. | १ |
| ४. | जलेको मोबिल | प्रति लिटर | १ |
| ५. | अन्य कागज (कार्टुन समेत) | प्रति के.जी. | ०/५० पैसा |
| ६. | पुराना पत्रपत्रिकाहरु | प्रति के.जी. | ०/१० पैसा |
| ७. | झिन्जु (प्राकृतिक र कृत्रिम उनका टुक्रा, कालो कपास) | प्रति के.जी. | ०/५० पैसा |
| ८. | ५० के.जी. सम्म खाद्यान्य अट्ने प्लाष्ट्रिक र जुट बोरा | प्रति गोटा | ०/१० पैसा |
| ९. | ५० के.जी. भन्दा माथि खाद्यान्य अट्ने प्लाष्ट्रिक र जुट बोरा | प्रति गोटा | ०/२० पैसा |
| १०. | कार्पेटको टुक्रा | प्रति के.जी. | १/- |
| ११. | फलाम | प्रति के.जी. | १/- |
| १२. | टायर/ट्युब | प्रति गोटा | २/- |
| १३. | तामा पित्तल | प्रति के.जी. | १/- |
| १४. | स्टील | प्रति के.जी. | १/- |
| १५. | व्याट्री | प्रति के.जी. | २/- |
| १६. | टीन | प्रति गोटा | १/- |
| १७. | प्रचलित कानून बमोजिम निषेधित गरेको बाहेकका मरेका वा मारिएका जीवजन्तुको | | |
| | क. हाड, सिङ्ग, प्वाँख, छाला | प्रति के.जी. | २/- |
| | ख. ठूलो छाला | प्रति गोटा | ३०/- |
| | ग. सानो छाला | प्रति गोटा | १५/- |
| १८. | अन्यको हकमा | प्रति के.जी. | २/- |